जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ५२ | २०७८ साल भदौ ३१ गते बिहीबार (16 Sep. 2021 Thursday) | मूल्य रु. ५/-

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं,

सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भारतबाट वीरगञ्ज आइपुग्यो... ३ पृष्ठमा : भौतिक पूर्वाधार विकास... ३ पृष्ठमा : अफगानिस्तानलाई दिने भनिएको...

## सप्तरीका सबै आईसोलेशन वाड खाली



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

कोरोना संक्रमितका लागि निर्माण गरिएको सप्तरीका सबै आईसोलेशन केन्द्र र अस्पतालका शैया खाली भएका छन् ।

जिल्लामा बुधबार पुष्टी भएका एक संक्रमितसहित ९ जना मात्र सक्रिय संक्रमित रहेका छन् । उनीहरु सबै घरमै होम आइसोलेशनमा वसेका छन् ।

कोरोनाका कारण हाल सम्म १ सय ५९ जनाले ज्यानको गुमाएको जिल्लाका सबै आईसोलेशन वाड खाली भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

उनका अनुसार हाल सक्रिय संक्रमित रहेका दुई महिलासहित सबै जनाले आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै होम आईसोलेशनमा वस्ने इच्छा जाहेर गरेकाले सरकारी र स्थानीय तह स्तरबाट निर्माण गरिएका आईसोलेशन वाडका शैयाहरु खाली भएको हो ।

कोरोनाको जोखिमलाई ध्यानमा राख्दै जिल्लास्थित गजेन्द्रनारायण सिह अस्पताल, साईकृष्णा मेडीकल कलेज, युनिक अस्पताल, छिन्नमस्ता अस्पताल, भारदह अस्पताल, शत्रुघन अस्पताल तथा हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका र खडक नगरपालिकाका गरी ९ स्थानमा ३ सय भन्दा बढी बेडको आईसोलेशन वाड संचालनमा ल्याइएको थियो ।

विगतको तुलनामा हाल संक्रमण दर घटेपनि जोखिम भने कायमै रहेकाले सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड अझै कडाईका साथ पालना गर्नु पर्ने उनको सुझाव समेत छ ।

जिल्लामा कोरोनाको पहिलो लहरमा ४१ र दोश्रो लहरमा १ सय १८ गरी १ सय ५९ जनाको ज्यान गएको छ ।

## राजदेबी माबिद्वारा विद्यार्थी भर्ना अभियान सुरू



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या न्यून हुदै गईरहेको बेला राजदेवी ठोकोदेवी जोगेन्द्र भगत माध्यमिक विद्यालयका प्रधानाध्यापक दिनेश प्रसाद यादबको अगुवाईमा बिद्यार्थी भर्ना अभियान सुरू भएको छ ।

अभियानका अन्तर्गत राजविराज नगरपालिकाका वडा नं. ११ को झल्ही, फर्सैठ, राजबिराज १ को रामपुरसहितका गाउँका घर-घरमा गएर प्रअ यादवले विद्यार्थी भर्नाका लागि अनुरोध गरेका छन ।

राजविराज नगरपालिका वडा नं. १ स्थित रहेको राजदेवी माध्यमिक विद्यालयमा अहिले पनि पठनपाठनमा सुधार गर्नका लागि विद्यालयमा गाउँघरका दलित, विपन्नसहित सबै वर्गको

***बाँकी तीन पृष्ठमा***

**सूचना ! ॐ सूचना !!!**

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक महत्वको रूपमा रहेको श्री हरिनन्देश्वर महादेव मन्दिरको धार्मिक सदवर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्वर्द्धन तथा व्यवस्थापनको कार्य अघि बढाउन आवश्यक छलफल एवम् निर्णय गर्न परेकोले सम्पूर्ण हिन्दूधर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिको लागि अनुरोध गर्दछु ।



**स्थान :** राजविराज न.पा. वडा नं. ७ को कार्यालय
**समय :** विहान ८:४५ बजे
**मिति :** २०७८/०६/०२ गते शनिबार

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।**




अबैध रुपमा खोप बेच्ने र किन्ने लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# काउन्सिलको वार्षिकोत्सवमा ३५ पत्रकार पुरस्कृत

काठमाडौँ, ३० भदौ (रासस)।

प्रेस काउन्सिल नेपालले पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका पत्रकारलाई पुरस्कृत गर्ने भएको छ। काउन्सिलको वार्षिकोत्वसका अवसरमा विभिन्न विधामा ३५ पत्रकारलाई पुरस्कृत गर्ने भएको हो।

'प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार' वरिष्ठ पत्रकार भरतदत्त कोइराला, 'प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्ने पत्रकारिता पुरस्कार' वरिष्ठ पत्रकार बद्री विनोद खनाल, 'प्रेस काउन्सिल आचारसंहिता पत्रकारिता पुरस्कार' उज्ज्वल शर्मा तथा 'प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार' विमल गौतम र दुर्गालाल केसीलाई प्रदान गर्ने भएको छ।

'प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार' लक्की चौधरी, 'प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार' माधव नेपाल, विन्दुकान्त घिमिरे, गोविन्दप्रसाद चौलागाईं, रामानन्द गुप्ता, वासुदेव शर्मा, सुशील अर्याल र रमेश ढुङ्गेल तथा 'प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार' घनश्याम खड्का, उर्वशी बस्नेत न्यौपाने, एलपी देवकोटा, जीवन सेजुवाल, मेघराज खड्का, केसी लामिछाने, देवेन्द्र बस्नेत, देवचन्द्र भट्ट, चुडामणि लिम्बू, भगवती थापा, शिवकुमार रिजाल, रमेश खतिवडा, जगन्नाथ दुलाल र तीर्थ जैसीलाई प्रदान गरिने काउन्सिलले जनाएको छ।

'प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार' पुरुषोत्तम खनाल, 'प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार' जमुना वर्षा शर्मा, रुपा गहतराज र अञ्जु कार्की तथा 'प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार' रोहित राई, अनन्त अनुराग महतो र करन ताम्राकारलाई प्रदान गरिने काउन्सिलले जनाएको छ।

यसैगरी कर्मचारीतर्फ 'प्रेस काउन्सिल वर्ष कर्मचारी पुरस्कार' महेन्द्रराज सिंह र कुशल अर्याल तथा 'प्रेस काउन्सिल कर्मचारी प्रोत्साहन पुरस्कार' मदनकृष्ण सिलवाल र राजन सिंहलाई प्रदान गर्ने निर्णय गरिएको काउन्सिलले जनाएको छ। 'प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार'को राशी रु एक लाख ५१ हजार रहेको छ। 'प्रेस काउन्सिल सुरेन्द्रबहादुर पत्रकारिता पुरस्कार' राशि रु एक लाख १० हजार रहेको छ।

# सात सय ६० जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० भदौ।**

पछिल्लो २४ घण्टामा थप १ हजार ७ सय ६० जनमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १२ हजार ५२४ पीसीआर परीक्षणमा १,३३२ जना र ४,३२० एन्टिजेन परीक्षणमा ४२८ जना गरी कुल १,७६० जनामा संक्रमण भएको छ भने १ हजार २ सय २० जना संक्रमणमुक्त भएका छन्। ७ जनाको मृत्यु भएको छ।

बुधबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ७ लाख ८० हजार ८२४ पुगेको छ। योसँगै नेपाल मृत्यु हुनेको संख्या

*बाँकी तीन पृष्ठमा*

# भारतबाट वीरगञ्ज आइपुग्यो पहिलो निजी कार्गो रेल

काठमाडौँ, ३० भदौ (रासस)।

भारतबाट निजी क्षेत्रको कार्गो रेल पहिलो पटक बुधबार नेपाल आइपुगेको छ।

नेपाल-भारत रेल सेवा सुरु भएको १७ वर्षपछि पहिलोपटक बुधबार बिहान भारतीय निजी क्षेत्रको सो रेल वीरगञ्ज आइपुगेको हो। हिम्ड टर्मिनल प्रालिको एक ऱ्याकको कार्गो रेल बुधबार बिहान १० बजे वीरगञ्जस्थित सुख्खा बन्दरगाहमा आइपुगेको नेपाल इन्टरमोडल यातायात विकास समितिले जनाएको छ।

समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले हल्दियाबाट खाद्यान्नको २० फिट अग्लो ९० वटा कन्टेनर बोकेको रेल वीरगञ्जस्थित सुख्खा बन्दरगाह आइपुगेको जानकारी दिनुभयो। उहाँका अनुसार हिम्ड टर्मिनल प्रालिले सातामा दुई दिन कार्गो ढुवानी गर्ने जनाएको छ भने हिम्डसगैँ अन्य चार कम्पनीले समेत कार्गो ढुवानीमा इच्छुक देखाएका छन्। उहाँले भन्नुभयो, "पहिलो पटक हिम्डले कार्गो रेल सेवा सुचारु गरेको छ। सो कार्गोसँगै अन्य ४ कम्पनीले समेत कार्गो ढुवानीमा इच्छुक देखिएका छन्। निजी क्षेत्रका कार्गो रेललाई ढुवानी खुला गरेसगैँ अन्य कम्पनी बढ्ने अनुमान छ।"

**रेल सेवा संशोधनपछि निजी कार्गो**

नेपाल भारतबीच सन् २००४ मा भएको रेल सेवा सम्झौताले रेलमार्फत हुने ढुवानीमा भारतीय रेल्वेको भगिनी संस्थाको रूपमा रहेको कन्टेनर निगम (कोन्कर) लाई एकाधिकार दिइएको थियो। १७ वर्षपछि भारतीय कन्टेनरको एकाधिकार तोड्दै गत असार २५ गते सम्झौता संशोधन गरिएको थियो।

रेल सेवा संशोधनको करिब दुई महिना पश्चात पहिलो पटक निजी कार्गो रेल वीरगन्जस्थित सुख्खा बन्दरगाहामा आएको हो। गत असार २५ गते रेल सेवा सम्झौता संशोधनमा नेपालका तर्फबाट वाणिज्य तथा आपूर्ति सचिव दिनेश भट्टराई र भारतका तर्फबाट भारतीय रेल मन्त्रालयअन्तर्गतको परिचालन एवं व्यवसाय विकास विभागका सदस्य सञ्जयकुमार मोहान्तीको नेतृत्वमा भर्चुअल समारोहमा कूटनीतिक पत्र तथा दुवै पक्षले हस्ताक्षर गरेको लेटर अफ एक्सचेन्ज आदानप्रदान गरिएको थियो।

नेपाल लक्षित पारवहन कार्गो ढुवानीका लागि नेपाल रेल्वे कम्पनीको स्वामित्वमा रहने रेल तथा वागनले वीरगञ्ज र विराटनगरदेखि कोलकाता/ हल्दियासम्म रेल सेवा दिनसक्ने गरी सम्झौता संशोधन गरिएको थियो। यस्तै, नेपालको वीरगञ्जसम्म रेल सेवा उपलब्ध भएकोमा विराटनगर, भैरहवा र इनरवामा रेलसम्बद्ध पूर्वाधार तयार भएपछि रेल सेवा विस्तार गर्दै जाने समेत सहमति गरिएको थियो।

# ७० प्रतिशत श्रमिक भन्छन्- फेरि त्यही मेनपावरबाट विदेश जान्नँ !

काठमाडौँ, ३० भदौ (रासस)।

वैदेशिक रोजगारीमा रहेका दुई तिहाइभन्दा बढी श्रमिकले पुनः विदेश जाँदा आफूले अघिल्लो पटक सेवा लिएको मेनपावर कम्पनीबाट सेवा नलिने बताएको पाइएको छ। अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ (आइटियुसी) ले गरेको वैदेशिक रोजगारीमा पठाउने कम्पनीको समीक्षामा सहभागी एक हजार ५३९ श्रमिकमध्ये ७० प्रतिशतले आफूले पुनः सोही कम्पनीको सेवा नलिने धारणा राखेको देखिएको हो।

अध्ययनअनुसार ९८ प्रतिशतले सरकारले तोकेकोभन्दा बढी सेवा शुल्क तिरेको बताएका छन्। उनीहरुले एक लाखभन्दा बढी रकम तिरेको बताएका छन्। दुई प्रतिशतले मात्र भर्ना प्रक्रियामा कुनै शुल्क तथा खर्च तिर्नु नपरेको बताएका छन्। सरकारले वैदेशिक रोजगारीका लागि मुख्य श्रम गन्तव्य मुलुकका लागि 'फ्रि भिसा, फ्रि टिकट' र न्यूनतम सेवा शुल्क तोकेको छ भने मलेसिया, संयुक्त अरब इमिरेट्स, मरिससलगायत मुलुकका लागि कुनै शुल्क तिर्नुपर्दैन। अझै पनि ठूलो सङ्ख्याले भर्ना प्रक्रियामा चर्को शुल्क तिर्नुपरेको बताएका छन्।

अध्ययनका क्रममा झण्डै एक तिहाइले आफूलाई भनिएअनुसार रोजगारी गन्तव्य मुलुकमा नपाएको तथा ५३ प्रतिशतले रोजगारीका क्रममा आफूले पाउने भनिएको तलब नपाएको बताएका छन्। यस्तै ९६ प्रतिशतले रोजगारीका दौरान आफ्नो राहदानी आफूलाई राख्न नदिइएको बताएका छन्। छब्बीस दशमलव चार प्रतिशतले मात्र आफू पुनः पहिलेकै रोजगारदाताकोमा रोजगारीका लागि जान इच्छुक रहेको बताएका छन्। यसबाट रोजगारीमा रहेको ठूलो सङ्ख्या रोजगारदातासँग सन्तुष्ट नरहेको देखिएको छ।

अध्ययनमा सहभागीमध्ये ९५ प्रतिशतले मात्र सो सम्झौतापत्र आफूले पढ्नसक्ने भाषामा रहेको बताएका छन्। कतिपयले भने आफूलाई मौखिकरूपमा मात्र जानकारी दिइएको बताएको अध्ययनमा उल्लेख छ। सहभागीले आफूहरुले स्वतन्त्रतापूर्वक कुनै गन्तव्य मुलुक छाड्न पाउने अधिकारको सम्मान नभएको पनि बताएका छन्। उत्तरदातामध्ये ८३ प्रतिशतभन्दा बढीले आफू स्वदेश फर्कन स्वतन्त्र नरहेको बताएका छन्। चार प्रतिशतले मात्र गन्तव्य

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा ४८ लाखको सडक डिभाइडर हस्तान्तरण

धनुषा, ३० भदौ (रासस)।

प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले ट्राफिक व्यवस्थापनलाई मध्यनजर गर्दै प्रदेश प्रहरी कार्यालयलाई सडक डिभाइडर हस्तान्तरण गरेको छ ।भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले मंगलबार २ नम्बर प्रहरी प्रदेश कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक उमेश रञ्जितकारलाई सडक डिभाइडर हस्तान्तरण गर्नुभएको हो । लामो समयदेखि थन्क्याएर राखिएका रु ४८ लाख मूल्य बराबरको साना तथा ठूला खालका २५३ वटा सडक डिभाइडर हस्तान्तरण गरिएको हो ।

सडक डिभाइडर हस्तान्तरण गर्दै मन्त्री यादवले आवश्यकतानुसार जनकपुरधामसहित प्रदेश २ का आठवटै जिल्लाका मुकाममा तत्काल मुख्य सडकमा डिभाइडर राख्न निर्देशनसमेत दिनुभयो । मन्त्री यादवले डिभाइडरले सडक सुरक्षा गरिनुका साथै सडक दुर्घटना हुनबाट जोगाउन मद्दत पुऱ्याउने व्यक्त गर्नुभयो ।

उहाँले ठाउँठाउँमा सडक सङ्केतको आवश्यकता रहेको भन्दै प्रदेश २ का प्रमुख बजारको सडकपेटी अव्यवस्थित र व्यापारीबाट कब्जा गरिएकोप्रति चिन्ता व्यक्त गर्नुभयो । प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामका मुख्य सडकखण्डमा अहिले कङ्क्रिटले बनाइएको डिभाइडर राखिएको छ । भीडभाड तथा सवारी साधनको अत्याधिक चापले गर्दा समयसमयमा दुर्घटना हुने गरेकाले सोको विकल्पको खोज्दै आवश्यकतानुसार साना तथा ठूला खालका डिभाइडर राख्न धनुषा ट्राफिक प्रहरी कार्यालय मातहतका निकायलाई मन्त्री यादवले निर्देशन दिनुभएको हो ।

कार्यक्रममा मन्त्रालयका सचिव दीपककुमार दास, प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख तथा प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, यातायात कार्यालय र सडक कार्यालयका प्रतिनिधि, धनुषा ट्राफिक प्रमुख नवराज न्यौपानेलगायतको उपस्थिति थियो ।

### राजदेबी माबिद्वारा ...

विद्यार्थीहरुको पठन पाठनमा पहुँच पुऱ्याउन अभियान संचालनमा ल्याएको प्रअ दिनेश यादबले जानकारी दिए ।

उनले विगतका दिनमा विद्यालयको अवस्थालाई स्मरण गर्दै केही व्यक्तिहरुको कारणले अहिले विद्यालयका शिक्षकहरु तिरस्कृत भईरहेको भन्दै शैक्षिक सत्र ०७८/०७९ बाट विद्यालय तथा कक्षा संचालनको गतिविधिमा सुधार ल्याउने प्रतिबद्धता जनाए ।

विद्यालयको भौतिक, आर्थिक तथा विद्यार्थीको संख्या न्युन भएको अबस्थामा विद्यालयको शिक्षक/शिक्षिकाहरुले मंगलवारबाट विद्यार्थी खोज्ने अभियान शुरु गरेको छ ।

शिक्षा समन्वय ईकाई कार्यालयका अनुसार भदौं १५ देखि ३० गतेसम्म विद्यार्थी भर्नाका समयसिमा निर्धारण गरेपनि प्रअ यादव भदौं २७ गते सो विद्यालयमा प्रधानाध्यापक रुपमा हाजिर भएका थिए ।

अभियान टोलीमा शिक्षिका चित्ररेखा देव, मोहन यादव, भगवती चौधरी, चन्दन देव, विन्देश्वर प्रसाद यादव, वैद्यनाथ यादव, रेखा मण्डल, शम्भु साह, अनिता मिश्र, ललिता साह, सोनी यादव, रम्भा झा, रेखा यादव, सोनी कुमारी मण्डल, दिपेन्द कुमार यादव, फुशेश्वर यादवलगायतका शिक्षक/शिक्षिका सहित विद्यालयका अन्य कर्मचारीहरुको सहभागीता रहेको थियो ।

### ७० प्रतिशत ...

मुलुकमा रहँदा कुनै ट्रेड युनियनको सदस्य बन्न पाउने अधिकार रहेको बताएका छन् ।

यसैगरी ८० प्रतिशतले मात्र प्रस्थानपूर्व अभिमुखीकरण तालीम प्राप्त गरेको जनाएका छन् । सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई प्रस्थानपूर्व अभिमुखीकरण तालीम अनिवार्य गरेको छ । अभिमुखीकरण तालीम नलिई वैदेशिक रोजगारीमा जान पाइँदैन । उनीहरुले तालीम नलिई प्रमाणपत्र मात्र लिएको देखिन्छ ।

सरकारले वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन विभिन्न नीति अख्तियार गरेको भए पनि ती नीतिको कार्यान्वयन पक्ष निकै फितलो देखिएको छ । अध्ययनअनुसार वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिकको भर्ना प्रक्रियामा कानूनविपरीतका अभ्यास हुँदै आएको पाइएको छ ।

अध्ययनको सङ्क्षिप्त प्रतिवेदन सार्वजनिक गर्न बुधबार आयोजित कार्यक्रममा दक्षिण एशियाली क्षेत्रीय ट्रेड युनियन काउन्सिलका महासचिव लक्ष्मण बस्नेतले आप्रवासी श्रमिकको हक, अधिकार र सेवा सुविधा सुनिश्चित हुनुपर्ने बताउनुभयो ।

अध्ययनले नेपाली श्रमिकको वैदेशिक रोजगार प्रक्रियालाई थप न्यायोचित बनाउन सरकार, ट्रेड युनियन, सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, भर्ना प्रक्रियामा संलग्न संस्थाको छाता संस्था, सञ्चार क्षेत्रलगायत सम्पूर्ण निकायका बीचमा थप समन्वय र सहकार्यको खाँचो औँल्याएको छ ।

सन् २०१७ देखि २०२१ अगष्टसम्ममा एक हजार ५३९ नेपाली श्रमिकमा गरिएको अध्ययनका लागि १६ वटा प्रश्न राखिएका थिए । अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घले श्रमिकको अधिकार रक्षाका लागि काम गर्दै आएको छ । महासङ्घमा विश्वका १६३ मुलुकका ३३२ ट्रेड युनियन आबद्ध छन् । ती युनियनमा २० करोडभन्दा बढी श्रमिकको आबद्धता रहेको छ ।

### सात सय ६० ...

१० हजार ९९१ पुगेको छ भने ७ लाख ४३ हजार ५२६ जना संक्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या २६ हजार ३०७ जना रहेका छन् । जसमध्ये २४ हजार ६८३ जना होम आइसोलेसनमा रहेका छन् भने १ हजार ६२४ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोरोनाका बिरामीमध्ये ४०७ जना आईसीयू र १२९ जना भेन्टिलेटरमा उपचाररत् छन् ।




## विश्व समाचार

### अफगानिस्तानलाई दिने भनिएको सहयोग छिटो उपलब्ध गराउन राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ३० भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानलाई दिने भनी प्रतिबद्धता व्यक्त गरेको मानवीय सहायतास्वरुपको रकम छिटो उपलब्ध गराउन विदेशी समुदायलाई आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घको पहलमा हालै भएको एक सम्मेलनका क्रममा विश्वका कतिपय देशले अफगानिस्तानलाई मानवीय सहायतास्वरुप भन्दै रकम उपलब्ध गराउने बताएका थिए ।

ती देशले कम्तीमा पनि एक अर्ब दुई करोड अमेरिकी डलर सहयोग स्वरुप उपलब्ध गराउने ती देशले जनाएका थिए । त्यस क्रममा उनीहरुले तत्कालका लागि यति रकम दिने बताएका थिए । संयुक्त राष्ट्रसङ्घले भने अफगानिस्तानको अवस्था निकै नाजुक बन्दै गएको भन्दै प्रतिबद्धता व्यक्त गरिएको सो रकम तत्कालै उपलब्ध गराउन भनेको छ । संयुक्त राष्ट्रसङ्घका तर्फबाट महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ता स्टेफन डुजारिकले सो रकम उपलब्ध गराउन मङ्गलबार भन्नुभएको हो ।

यसअघि अफगानिस्तानमा ठूलो मानवीय सङ्कट आउन लागेको संयुक्त राष्ट्रसङ्घले जनाएको थियो । संयुक्त राष्ट्रसङ्घले यसका लागि विश्व समूदाय गम्भीर हुनुपर्ने बताएको थियो । अफगानिस्तानको आर्थिक अवस्था ध्वस्त भएको र ठूलो मानवीय सङ्कट आउन लागेको भन्दै त्यहाँ आवश्यक सहयोग उपलब्ध गराउन भनिएको छ । हालै जेनेभामा भएको एक सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा विश्वको ध्यानाकर्षण गराउनुभएको बताइएको थियो । सोमवार जेनेभामा आयोजित एउटा सम्मेलनमा अन्तरराष्ट्रिय दातासँग संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसले सहयोगको आह्वान गर्नुभएको हो ।

उहाँले अहिले नै अफगानिस्तानमा खाना र महिला तथा बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्न लागेको भन्दै सो रकमको आवश्यकता परेको बताउनुभएको छ । गत महिना सशस्त्र विद्रोहमार्फत् अफगानिस्तानको सत्ता तालिबानीले हातमा लिएका थिए । त्यसयता वैदेशिक सहायता पनि ठप्प भएको छ । अफगानिस्तानका नागरिकलाई तत्कालै खाना, औषधि, स्वास्थ्य सेवा तथा पछिल्लो समयमा सुरक्षित पिउने पानीको पनि समस्या रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । महासचिव गुटर्रेसले सो सम्मेलनमा करिब ६० करोड अमेरिकी डलरको तत्कालै आवश्यकता रहेको बताउनुभयो । उहाँले यो सहयोग तत्कालै उपलब्ध भएमा अफगानिस्तानका दशौं लाख मानिसलाई राहत पुग्ने पनि बताउनुभएको थियो ।

### अफ्रिकामा दुई प्रतिशत मात्र खोप

जेनेभा, ३० भदौ (रासस/सिन्हवा)।

संयुक्त राष्ट्रसङ्घले विश्वमा हाल रहेको कोभिड-१९ विरुद्धको खोपमध्ये अफ्रिकामा त्यसको दुई प्रतिशत मात्र खोप उपलब्ध रहेको बताएको छ । विश्वमा अहिले पनि कम्तीमा पनि पाँच अर्ब सात करोड मात्रा खोप पुगेको बताइएको छ । तर पनि त्यसमध्ये अफ्रिकामा दुई प्रतिशत मात्र खोप उपलब्ध रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । विश्व स्वास्थ्य सङ्गठनले मङ्गलबार सार्वजनिक गरेको एक तथ्याङ्कमा विश्वमा उपलब्ध रहेको खोपको जम्मा दुई प्रतिशत मात्र खोप अफ्रिकामा उपलब्ध रहेको भन्दै यो अवस्था राम्रो नरहेको बताएको छ ।

उक्त सङ्गठनले यस्तै तथ्याङ्कका साथ अघि बढ्ने हो भने विश्वमा खोपमा पनि असमानताको अवस्था सिर्जना हुने धारणा राखेको छ । यस्तो अवस्था आउन नदिन विश्वमा खोपमा समानताका लागि पनि सो सङ्गठनले विश्वमा सबै देशसँग आग्रह गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले विश्वमा सबै देशमा यो वर्षको अन्त्यसम्ममा कम्तीमा पनि ४० प्रतिशत खोप पुऱ्याउने र आगामी वर्ष अर्थात् सन् २०२२ को मध्यसम्ममा विश्वका सबै देशमा ७० प्रतिशत खोप पुऱ्याउने लक्ष राखेको जनाएको छ । यसरी असमानरुपमा खोपको वितरण हुने हो भने यसबाट विश्वका नागरिक खोपबाट वञ्चित हुनसक्ने खतरा रहेको पनि सो सङ्गठनले जनाएको छ ।

### युरोपेली सङ्घले गरिब देशलाई २० करोड खोप दिने

फ्रान्स (स्ट्रासवर्ग), ३० भदौ (रासस/एएफपी)।

युरोपेली सङ्घले न्युन आय भएका गरिव मुलुकलाई कोरोनाभाइरस विरुद्धको २० करोड खोप सहयोग स्वरुप प्रदान गर्ने भएको छ । युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले २० करोड थप खोप गरिव देशलाई प्रदान गर्ने प्रतिवद्धता गरिएको जानकारी दिनुभयो । “गरिव राष्ट्रलाई थप २० करोड खोप उपलब्ध गराउने आज हामीले निर्णय गरेका छौं”, युरोपेली संसद्को वार्षिक बैठकमा उहाँले भन्नुभयो ।

उनीहरुलाई उपलब्ध गराउने भनिएको खोप अर्को वर्ष सन् २०२२ को मध्यसम्ममा उपलब्ध हुनसक्ने उहाँले जानकारी दिनुभयो । उहाँले सङ्घको यो योजनालाई सहयोग गर्न र त्यसका लागि सहयोगको घोषणा गर्न पनि सबैलाई आह्वान गर्नुभएको छ । गरिब देशलाई यसरी गरिने सहयोग विश्व स्वास्थ्यकै लागि योगदान र लगानीको रुपमा लिनुपर्नेमा उहाँले जोड दिनुभएको छ । विश्वका कतिपय देशले अहिलेसम्म पनि कोरोनाभाइरस विरुद्धको खोप पर्याप्तरुपमा पाउन नसक्नु चिन्ताको विषय भएकाले धनी र शक्तिशाली राष्ट्रले योगदान गर्नुपर्ने उहाँको भनाइ छ ।

# हिन्दु राष्ट्र कायम गराउने उद्देश्यले सप्तरीमा समिती गठन




**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

हिन्दु राष्ट्र कायम गराउने उद्देश्यले सप्तरीका विभिन्न स्थानीय तहमा समिती गठन भइरहेको छ ।

यसै क्रममा बुधवार कंचनरुप नगरपालिकामा पनि एक कार्यक्रमबीच हिन्दु राष्ट्र स्वभिमान जागरण अभियान नगर कमिटी गठन गरिएको छ ।

श्रवण कुमार साहको संयोजकत्वमा गठन गरिएको २९ सदस्यीय नगर समितीको सह संयोजकमा अशोक कुमार मण्डल, सर्म्पक प्रमुखमा सत्य नारायण साह, संचार प्रमुखमा राजकुमार पण्डीत, युवा प्रमुखमा शोभाकान्त झा र महिला प्रमुखमा सुलोचना पण्डित रहेका छन् ।

यस्तै सेवा प्रमुखमा दिपक प्रसाद गुप्ता, गौ रक्षा प्रमुखमा देवकान्त चौधरी र सत्संग प्रमुखमा दुर्योधन गोस्वामीको चयन गरिएको अभियानका अगुवा एवं विश्व हिन्दु परिषद सत्संग विभागका सगरमाथा प्रभारी जंग बहादुर सिंहले जानकारी दिए ।

कार्यक्रममा नगरका प्रत्येक वडाबाट एक/एक जना संयोजक र सदस्य समेत चयन गरीएको छ । १८ वटा स्थानीय तह रहेको जिल्लामा २ महिनको अवधीमा ७ वटा स्थानीय तहमा समिती गठन गरिसकिएको तथा बाँकि स्थानीय तहमा पनि गठनको तयारी भईरहेको सिहले जानकारी दिए ।

हिन्दु धर्म संस्कृतिको संरक्षण तथा समाजको सुप्त स्वभिमानलाई जगाएर आफ्ना पुर्खाद्वारा संरक्षित हिन्दुत्वको रक्षा गर्ने उद्देश्यले अभियान चलाइएको उनको भनाई छ ।

# हतारमा विद्यालय नखोल्न निर्देशन

काठमाडौं, ३० भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हतारमा विद्यालय सञ्चालन नगर्न निर्देशन दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र शिक्षा सरोकारवालासँग बुधबार स्वास्थ्य मन्त्रालयले गरेको छलफलमा हतारमा विद्यालय नखोल्न निर्देशन दिएको मन्त्रायलका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

उहाँले विद्यालय खोल्न वा नखोल्ने त्यहाँका रहेको स्थानीय तहले निर्धारण गर्ने बताउनुभयो । उहाँले विद्यालय खोल्नुभन्दा अगाडि नजिकैको स्वास्थ्य संस्था र स्थानीय निकायसँग समन्वय गर्नसमेत निर्देशन दिएको छ । उहाँले स्थानीय तहमा रहेको कोभिड-१९ को जोखिम आँकलन गरी जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसका आधारमा शिक्षा मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा-२०७७ पालना गरी मात्रा विद्यालय खोल्न भनिएको बताउनुभयो ।

शिक्षक, कर्मचारी र विद्यार्थीलाई कोभिड-१९ सँग आवश्यक अभिमुखीकरण गरी विद्यालय खोल्न निर्देशन दिएको छ । विद्यालयले यही असोज १ गतेदेखि खोल्ने तयारी गरिएको छ । उहाँले विद्यालय खोल्नुअघि ती ठाउँमा परीक्षण र उपचारको व्यवस्था समुचित व्यवस्था मिलाउनुसमेत भनिएको छ । विद्यालय खोल्नुअघि बालबालिकाको स्वास्थ्य र उपचार गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले कोभिड-१९ को सङ्क्रमण घटे पनि जोखिम नघटेको बताउनुभयो । "सबै पालिकामा एउटै अवस्था छैन । सबै विद्यालयमा पनि एउटै अवस्था छैन", उहाँले भन्नुभयो, "त्यसैले विद्यालयको अवस्था र स्वास्थ्यको मापदण्ड पालना गर्नसक्ने स्थिति हेरी मात्र विद्यालय खोल्नुहोस् ।"

छलफलमा स्वास्थ्यराज्यमन्त्री उमेश श्रेष्ठ, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका प्रमुख बालानन्द शर्मा, शिक्षा मन्त्रालयका सचिव रामप्रसाद थपलिया, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), नेपाल निजी तथा आवासीय विद्यालय अर्गनाइजेश, (ऐनप्याब्सन) र अभिभावक सङ्घको सहभागिता थियो ।

# उदयपुरकी युवती लहानमा मृत फेला

**दैनिक समाचारदाता**
**सिरहा, ३० भदौ ।**

उदयपुरकी एक युवती सिरहाको लहान नगरपालिकास्थित डेरामा मृत अवस्थामा फेला परेकी छन् ।

उदयपुरको चौदण्डीगढी नगरपालिका १० खैराकी २१ वर्षीया करिश्मा चौधरी लहान नगरपालिका ३ प्रगति टोलस्थित डेरामा मृत फेला परेकी हुन् ।

कोठाको चुकुलभित्रबाट लगाएको अवस्थामा उनी मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी सुवास बुढाथोकीले जानकारी दिएका छन् ।

बिहानैदेखि रातिसम्म बाहिर ननिस्किँदा घरधनीले खोजबिन गरेका थिए । त्यस क्रममा उनको ढोका तोडेर हेर्दा उनी मृत अवस्थामा भेटिएकी थिइन् ।

घटनाका सम्बन्धमा अनुसन्धान गर्न प्रहरीले एक युवकलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ ।

घटना आत्महत्या वा हत्या के हो भन्न सकिने अवस्था नभएको जनाउँदै प्रहरीले मृतकको शवको पोष्टमार्टमको रिपोर्ट आएपछि थप कुरा बाहिर आउने जनाएको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*